
# सिकाइको सर्वानुकुलित ढाँचा

# (Universal Design for Learning)

# सम्बन्धी २ दिने तालिम सामग्री



**सहकार्यः**

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल,
शिक्षा तथा मानव श्रोत विकास केन्द्र
WaterAid नेपाल

**सहकार्य:**
राष्ट्रिय अपाङ्ग महासंघ नेपाल,
शिक्षा तथा मानव श्रोत विकास केन्द्र
WaterAid नेपाल

लेखक
डा. वीरेन्द्र राज पोखरेल
विज्ञ सदस्य- विशेष शिक्षा परिषद्,
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल सरकार

**प्रकाशन वर्ष**: २०८२
यो तालिम सामग्री आधारभूत तहको कक्षा सिकाइ कार्यक्रममा सहयोग पुऱ्याउन वाटरएड, राष्ट्रिय अपाङ्ग महासंघको संयुक्त सहकार्य र शिक्षा तथा मानव श्रोत विकास केन्द्र, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सँगको समन्वयमा तयार गरिएको हो ।

# विषय सूची

१. परिचयः................................................................................................................................ 1
१.१. पृष्ठभुमीः.......................................................................................................................... 1
१.२. सिकाइका उद्देश्यहरू ........................................................................................................ 2
१.३. सहजीकरणको सिद्धान्त र शैली.......................................................................................... 2
१.४. सहजीकरण शैली................................................................................................................ 2
१.५. तालिम अवधारणात्मक ढाँचा (Training Framework)............................................................ 2
2. सत्र निर्देशिका............................................................................................................................ 3
2.1. सत्र १: परिचय, अपेक्षा र प्रि–मूल्याङ्कन.............................................................................. 3
2.2. सत्र २: अपाङ्गताको प्रकार, समावेशी शिक्षा......................................................................... 3
2.3. सत्र ३: बालबालिकाहरूको सिकाइ शैली................................................................................. 8
2.4 सत्र ४: सिकाइको सर्वानुकुलित ढाँचा: Universal Design for Learning- UDL ......................11
2.5. सत्र ५: सहायक प्रविधि तथा पहुँचयुक्त सूचना प्रविधि.........................................................13
2.6. सत्र ६: सिकाइमैत्री वातावरण र कक्षाकोठा व्यवस्थापन .......................................................13
2.7 सत्र ७: समावेशी विद्यालय मापदण्ड......................................................................................14
2.8 सत्र ८: विद्यालय स्तरीय कार्य योजना नमुना..........................................................................15
3. उपयोगी सन्दर्भ सामग्रीहरू..........................................................................................................15

## १. परिचय:

### १.१. पृष्ठभुमी:

समावेशी शिक्षाको मूल मर्मलाई आत्मसात् गर्दै उपयुक्त विधि र प्रविधिको प्रयोग गर्न सके सबै बालबालिकाले मूलधारका कक्षाकोठामा समान स्तरको सिकाई उपलब्धि हासिल गर्न सक्छन् भन्ने धेय सहित तालिमलाई चरणबद्ध गरिएको छ । UDL समावेशी शिक्षाको आधारभूत ढाँचा हो, जसले सबै विद्यार्थीलाई, उनीहरूको क्षमता, भाषा, लिङ्ग, अपाङ्गता, वा सामाजिक पृष्ठभूमि जस्तोसुकै भए पनि सिकाइमा सहभागी गराउने उद्देश्य राख्छ ।

WASH GAINS परियोजनाअन्तर्गत वाटरएड नेपाल, NFDN, BASE तथा NFCCको साझेदारीमा समावेशी र पहुँचयुक्त विद्यालय प्रवर्धन गर्नकालागी दुई दिने UDL (Universal Design for Learning) प्रशिक्षण आयोजना गर्नकालागी यो सन्दर्भ सामग्री निर्माण गरिएको हो । प्रशिक्षणको प्रमुख उद्देश्य सार्वजनिक विद्यालयहरूमा समावेशी शिक्षाको अभ्यासलाई सबल बनाउनु, पहुँचयुक्त सिकाई वातावरण निर्माण गर्नु, UDL को सिद्धान्तलाई शिक्षण–सिकाइमा लागू गर्न सहभागीहरूलाई सक्षम बनाउनु, तथा विद्यालयमै उपयुक्त अनुकूलता (reasonable accommodation) र प्राविधिक सिपहरूको प्रयोगलाई प्रवर्द्धन गर्नु हो ।

सामुदायिक विद्यालय, विशेष विद्यालय र श्रोत कक्षाका प्रारम्भिक तहमा अध्ययनरत अपाङ्गता वा कार्यगत सीमितता तथा सिकाइमा चुनौती भएका लगायत सबै बालबालिकाहरूको सिकाई अभिवृद्धिका लागि उपलब्ध शैक्षिक प्रविधिको सही छनौट यथोचित प्रयोग गर्न शिक्षकको पेसागत क्षमताको विकास प्रमुख उपलब्धि मानिएको छ । सिकाइको सर्वानुकुलित ढाँचामा (Universal Design for Learning) आधारित शैक्षिक प्रविधिको प्रयोग गरी सिकाइमा विविधता र आवश्यकता सम्बोधन गर्दै प्रारम्भिक तहका बालबालिकाको सिकाई उपलब्धिमा सुधार गर्नु प्रमुख आवश्यकता भएकोले सिकाइको समावेशी ढाँचालाई स्थानीयकरण गर्दै यसको प्रयोगमा व्यापकता ल्याउन शिक्षकको क्षमता विकास महत्त्वपूर्ण पहल हो । यस तालिम अन्तर्गत समावेशी शिक्षा र अपाङ्गता पहिचान, कार्यगत सीमितता वा सिकाइमा कठिनाइ भएका बालबालिका पहिचान गर्ने औजार तथा सम्बोधन गर्ने रणनीति , शैक्षिक व्यवस्थापन सूचना प्रणाली र उप प्रणाली ,व्यक्तिगत शैक्षिक योजना निर्माण र प्रयोग ,एकीकृत पाठ्यक्रम र पाठ्यक्रम विविधिकरण, कक्षा कोठा व्यवस्थापन र उपचारात्मक सिकाइ सहायता , अपाङ्गता तथा कार्यगत सीमितता (दृष्टि, सुनाइ र विकासात्मक र शारीरिक अपाङ्गता भएका) बालबालिकाहरूले सिक्ने र सिकाउने तरिका तथा मूल्याङ्कनको समावेशी ढाँचा लगायत विषयवस्तु समावेश गरी नेपाल सरकारले तयार गरेको शिक्षण सिकाइमा विविधता व्यवस्थापनसम्बन्धी समायोजित तालिम निर्देशिकामा आधारित रही प्रारम्भिक कक्षाका शिक्षकहरूका लागी २ दिने तालिम सहजीकरण निर्देशिका निर्माण गरिएको छ ।यस निर्देशिकाको मुख्य उद्देश्य भनेको तालिमका विषयवस्तुहरूमा तालिम प्रशिक्षकहरूको क्षमता अभिवृद्धि गर्नु हो भने निर्देशिकामा उल्लेख गरिएका निर्देशन प्रक्रिया तथा ,सामाग्रीहरूनमुनाका  रूपमा लिई सोही बमोजिम सत्र सञ्चालन गर्न मार्ग निर्देश गर्नु पनि हो ।

यो पुस्तिका दुई दिने UDL तालिममा सहभागीका लागि तयार गरिएको व्यावहारिक मार्गनिदर्शिका हो । यसले कक्षा र विद्यालयमा समावेशी शिक्षा सुनिश्चित गर्न आवश्यक अवधारणा, उपकरण, विधि, र अभ्यासहरूलाई सरल भाषामा प्रस्तुत गर्छ ।

यस पुस्तिकाको प्रयोग र परीक्षण मार्फत आवश्यक परिमार्जन गरिने अपेक्षा गरिएको छ साथै यसमा भएमा कमी कमजोरी, त्रुटि औँल्याई परिमार्जन र थप परिष्कृत बनाउन यहाहरु सबैको रचनात्मक सुझाव तथा सल्लाहको लागी हार्दिक अपेक्षा गरिएको छ ।

## १.२. सिकाइका उद्देश्यहरू

यो तालिम निर्देशिकाले प्रारम्भिक तहका सबै बालबालिकाहरू विशेषतः अपाङ्गता तथा सिकाइमा समस्या भएका बालबालिकाहरूले विभेद रहित वातावरणमा उचित सामाग्रीहरू प्रयोग गरी सिक्न सक्ने वातावरण निर्माणका लागी शिक्षकहरूले कस्ता रणनीति र प्रविधिहरू निरन्तर रूपमा प्रयोग गर्न सक्छन् भन्ने पक्षलाई विशेष महत्त्व दिइएको छ ।

यस पुस्तिका र तालिममार्फत सहभागीले:

- समावेशी शिक्षा र अपाङ्गता अधिकारको आधार बुझ्ने
- UDL सिद्धान्तहरूलाई कक्षामा प्रयोग गर्ने
- सिकाइ–विविधतालाई सम्बोधन गर्ने
- प्राविधिक तथा डिजिटल उपकरण प्रयोगमा दक्षता बढाउने
- विद्यालयको पहुँच युक्तता मूल्याङ्कन गर्न सिक्ने
- विद्यालय सुधारका कार्य योजना बनाउन सक्षम हुने

## १.३. सहजीकरणको सिद्धान्त र शैली

**समावेशी सहजीकरणको मूल मन्त्र:**

- सबै सहभागीका विचारलाई सम्मान
- दुवै दिन UDL का तीन सिद्धान्त (Representation, Engagement, Expression)को प्रयोग
- बहुविध सिकाइ माध्यम प्रयोग
- सहभागीबिच सहयोग, खुला चर्चा, र विश्वासको वातावरण निर्माण

## १.४. सहजीकरण शैली

- संवादात्मक
- सहभागी–केन्द्रित
- प्राविधिक–व्यावहारिक प्रदर्शनमा आधारित
- प्रोत्साहनात्मक (Motivational)

## १.५. तालिम अवधारणात्मक ढाँचा (Training Framework)

तालिम तलका ५ स्तम्भमा आधारित छ:

1. **अपाङ्गता र समावेशी शिक्षाको बुझाइ**
2. **UDL को सिद्धान्त र मोडेल**
3. **Assistive Technology र पहुँच युक्तता**
4. **Reasonable Accommodation र सामग्री अनुकूलन**
5. **विद्यालय सुधार कार्य योजना (Inclusive School Action Plan)**

## 2. सत्र निर्देशिका

### 2.1. सत्र १: परिचय, अपेक्षा र प्रि–मूल्याङ्कन

**समय: ३० मिनेट**

**उद्देश्य:** सहभागी संलग्नता र डिजिटल मूल्याङ्कन

**सहजीकरण गतिविधि:**

- 'एक आशा, एक चुनौती' exercise
- Google Form भराउने सहयोग
- अपेक्षाहरू फ्लिपचार्टमा समेट्ने

शीर्षक :समावेशी शिक्षा र अपाङ्गता

### 2.2. सत्र २: अपाङ्गताको प्रकार, समावेशी शिक्षा

समय : ४५ मिनेट

परिचय

समावेशी शिक्षा भनेको विभिन्न भाषा भाषी, वर्ग, क्षेत्र र अपाङ्गता भएका बालबालिकाले हाँस्दै, खेल्दै आफ्नै समुदायमा नजिकैको विद्यालयमा जाने, समान आधारमा सबै बालबालिका सँगै सिक्न पाउने वातावरण सिर्जना गर्नु हो । यस पद्धतिले बाल केन्द्रित शिक्षामा जोड दिन्छ । बालबालिकाको रुचि, क्षमता र वैयक्तिक आवश्यकताका आधारमा उनीहरूलाई सुहाउँदो शिक्षा अरू बालबालिकासँगै उपलब्ध गराउने कार्य समावेशी शिक्षा हो । सबै बालबालिकाहरूलाई विभेदरहित वातावरणमा बहुसाँस्कृतिक भिन्नतालाई सम्मान गर्दै आफ्नै गाउँ ठाउँमा जीवनोपयोगी शिक्षा ग्रहण गर्न पाउनुलाई समावेशी÷समाहित शिक्षा भनिएको छ ।

अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनुपर्छ (अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन २०७४ ) । समावेशीकरण र समतामूलक समाज निर्माणको निमित्त समावेशी शिक्षा, एकीकृत शिक्षा र विशेष शिक्षा तथा यससम्बन्धी मौजुदा ऐन, नीति, नियम, सेवा तथा सुविधाहरू सम्बन्धमा जानकारी हुनु जरुरी हुन्छ । अपाङ्गता भएका बालबालिकाहरूले सामना गर्नुपरेका समस्याहरूको पहिचान गरी सोको न्यूनीकरण गर्न सकेमा मात्र सामाजिक न्याय, सुरक्षा र संरक्षणमा आधारित गुणस्तरीय समावेशी शिक्षा सुनिश्चित गराउन सकिन्छ । यस सत्रमा अपाङ्गताको अवधारणा, प्रकार, वर्गीकरण तथा कार्यगत सीमितताको बारेमा छलफल गरिने छ ।

### उद्देश्य

<u>यस सत्रको अन्तमा सहभागीहरू देहायबमोजिमका कार्यहरू गर्न सक्षम हुने छन् :</u>

क) अपाङ्गता र अपाङ्गताको प्रकार एवम् वर्गीकरणबारे बताउन

ख) अपाङ्गता र कार्यगत सीमितताबारे व्याख्या गर्न

ग) समावेशी शिक्षा, एकीकृत शिक्षा र विशेष शिक्षाको अवधारणा एवम् भिन्नता छुट्टाउन

घ) समावेशी र बहिष्करणबिच तुलना गर्न

ङ) समावेशी शिक्षा तथा अपाङ्गता भएका बालबालिकाहरूका लागि उपलब्ध ऐन, नीति, नियम, परिचयपत्र तथा सेवा सुविधाहरूबारे बताउन

च) अपाङ्गता भएका विद्यार्थीहरूले भोग्नुपरेका धारणागत, वातावरणीय, संस्थागत अवरोधहरू पत्ता लगाउन र ती अवरोधहरू न्यूनीकरण गर्ने उपायहरू बताउन

**विषयवस्तु**

क) अपाङ्गताको अवधारणा

ख) प्रकार, गम्भीरताको आधारमा वर्गीकरण र चिन्ने आधार

ग) कार्यगत सीमितता र अपाङ्गता

घ) चिकित्सा मोडल र सामाजिक मोडल

ङ) समावेशी शिक्षा, एकीकृत शिक्षा र विशेष शिक्षाको अवधारणा

च) समावेशी र अलग्याउनेबिचको भिन्नता

छ) ऐन, कानुन, नीति नियम, परिचयपत्र तथा सेवा सुविधा

ज) अपाङ्गता भएका बालबालिकाहरूले भोग्नुपरेका कठिनाइ तथा न्यूनीकरणका उपाय

सामग्री

बोर्ड, मार्कर, मेटा कार्ड, पाठपत्र, न्युज प्रिन्ट पेपर

सहजीकरण क्रियाकलाप

| क्रि. नं. | क्रियाकलाप विस्तृतीकरण | समय |
|---|---|---|
| १ | विषय परिचय<br>अन्तरक्रियाको माध्यमबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउनुहोस् । | ५ मिनेट |
| २ | अपाङ्गताको अवधारणा, प्रकार, गम्भीरताको वर्गीकरण र सेवा सुविधा<br>सहभागीहरूलाई कक्षाकोठा वा समुदायमा कस्तो कस्तो किसिमको अपाङ्गता देखिरहनुभएको छ ? लक्षणहरू के हुन्छन् ? अपाङ्गता भएका बालबालिकाहरूले के कस्ता सेवा सुविधाहरू पाइरहेका छन् जस्ता विषयमा दुई दुई जनाको जोडीमा छलफल गर्न लगाउनुहोस् । छलफल गर्दा अपाङ्गताको अवधारणा, प्रकार, गम्भीरताको वर्गीकरण र सेवा सुविधामा केन्द्रित रही छलफल गराउनुहोस् । जोडी छलफलका कुरालाई सुनाउन लगाउनुहोस् | २० मिनेट |

| अपाङ्गता | कार्यगत सीमितता |
|---|---|
| १. शारीरिक अपाङ्गता | उठबस गर्न, हिँडडुल गर्न, हात चलाउन, हातले काम गर्न जस्ता हुने कठिनाइ |
| २. दृष्टिसम्बन्धी अपाङ्गता | देख्न, हेर्न, पढ्न, सिक्न, हिँडडुल गर्न जस्ता हुने कठिनाइ |
| ३. सुनाइसम्बन्धी अपाङ्गता | सुनेर, बोलेर सञ्चार गर्न हुने कठिनाइ |
| ४. श्रवण दृष्टिविहीनसम्बन्धी अपाङ्गता | हेरेर, सुनेर, बोलेर सञ्चार गर्न तथा हिँडडुल गर्न हुने कठिनाइ |

<table>
<tr><th>क्रि. नं.</th><th>क्रियाकलाप विस्तृतीकरण</th><th>समय</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>५. स्वर र बोलाइसम्बन्धी अपाङ्गता</td><td>बोलेर सञ्चार गर्न हुने कठिनाइ</td></tr>
<tr><td>६. मनोसामाजिक अपाङ्गता</td><td>मनस्थितिमा आउने कठिनाइ वा डर, त्रास, चिन्ता, दिक्दारीपन, विना कारण रुने, कराउने, हाँस्ने वा असामान्य व्यवहार देखाउने</td></tr>
<tr><td>७. बौद्धिक अपाङ्गता</td><td>सिक्न, सम्झन, बुझ्न हुने कठिनाइ</td></tr>
<tr><td>८. अनु वंशीय रक्तस्राव (हेमोफेलिया)सम्बन्धी अपाङ्गता</td><td>आन्तरिक वा बाह्य रक्तस्राव रोक्न कठिनाइ हुने तथा दुख्ने</td></tr>
<tr><td>९. अटिजम अपाङ्गता</td><td>एकोहोरो हुने, सञ्चार गर्न, घुलमिल हुन र सिक्नमा हुने कठिनाइ</td></tr>
<tr><td>१०. बहु अपाङ्गता</td><td>माथि उल्लिखित दुई वा दुईभन्दा बढी अपाङ्गताअन्तर्गत हुने कठिनाइ भएको अवस्था</td></tr>
</table>
दुई समूहमा जोडा मिलाउने खेलका माध्यमबाट अपाङ्गता र कार्यगत सीमितताका बारेमा जानकारी गराउनुहोस् ।<br>
दुई समूहमा विभाजन गरी दुवै समूहका सहभागीलाई अपाङ्गता र कार्यगत सीमितताका बारेमा फरक फरक कार्डहरू वितरण गरी पालैपालो सोधेर जोडा मिलाउने खेल खेलाउनुहोस् ।<br>
प्रस्तुतिपश्चात् सहजकर्ताले अपाङ्गता र अपाङ्गताका प्रकार तथा लक्षणहरूसहित गम्भीरताको आधारमा ४ प्रकारका वर्गीकरण (परिचयपत्रको रङको आधारमा), सेवा सुविधाबारे व्याख्या गर्दै प्रस्ट पारिदिनुहोस् ।
</td><td></td></tr>
<tr><td>३</td><td>समावेशी शिक्षा नीति नियम तथा सेवा सुविधा<br>
समावेशी शिक्षा नीति, नियम तथा सेवा सुविधाबारे खेल विधिबाट प्रस्ट पारिदिनुहोस् ।<br>
सहजकर्ताले तल दिइएका समावेशी शिक्षा, ऐन, नीति नियम, सेवा सुविधासम्बन्धी ठिक वा बेठिक कथनहरू (उत्तरसहित) पाठपत्रको रूपमा राख्नुहोस् । सबै सहभागीहरूलाई तालिम कक्षमा उभिन भन्ने र माथिका हरेक कथन पालैपालो पढेर सुनाउने गर्नुहोस् । पढिसकेपछि ‘ठिक’ लाग्ने सहभागीहरूलाई बस्न र ‘बेठिक’ लाग्ने सहभागीहरू उठिराख्न भन्नुहोस् । सहभागीलाई कारण वा तर्कसहित ठिक बेठिक छुट्टाउन लगाउनुहोस् । आवश्यकताअनुसार सहजकर्ताले सही उत्तर प्रस्ट पारिदिनुहोस् ।<br>
समावेशी शिक्षासम्बन्धी नमुना कथनहरू<br>
शारीरिक कठिनाइ वा अपाङ्गता भएका बालबालिकाहरूले मूलधारका विद्यालयहरूमा सफलता प्राप्त गर्न सक्छन् ।<br>
उत्तर : ठिक, यदि उपयुक्त अनुकूलता Reasonable Accomodation को व्यवस्था गरिएको छ भने शारीरिक अपाङ्गताले विद्यालयमा सफल हुन रोक्दैन ।<br>
अपाङ्गता भएका बालबालिकाहरू सुरक्षित हुनका लागि स्कुल नगई घरैमा बस्नुपर्छ ।<br>
उत्तर : बेठिक, यदि प्रधानाध्यापक, शिक्षक तथा अन्य कर्मचारीहरूले उनीहरूको सुरक्षामा विचार पुर्‍याउँछन् भने अपाङ्गता भएका बालबालिकाहरू विद्यालयमा सुरक्षित हुन्छन् ।
</td><td>२० मिनेट</td></tr>
</table>

| क्रि. नं. | क्रियाकलाप विस्तृतीकरण | समय |
|---|---|---|
| | अपाङ्गता भएका बालबालिकाहरूलाई आवश्यकताअनुसार शिक्षकहरूबाट अतिरिक्त सहयोग चाहिने हुन्छ ।<br>उत्तर : ठिक, अपाङ्गता भएका वा कार्यगत सीमितता भएका विद्यार्थीहरूलाई अतिरिक्त सहयोग चाहिन्छ जस्तै विकासात्मक अपाङ्गता भएका बालबालिकालाई दोहोऱ्याई दोहोऱ्याई सिकाउनुपर्ने हुन्छ ।<br>अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरू अपाङ्गता वा कठिनाइ नभएका बालबालिकाहरूसँगै बसेर पढ्ने कक्षा नै स्रोत कक्षा हो । उत्तर बेठिक (सही समावेशी विद्यालय)<br>एकै प्रकारका अपाङ्गता वा कार्यगत सीमितता भएका बालबालिकाहरू मात्र पढ्ने विद्यालय "विशेष विद्यालय" हो । उत्तर - ठिक<br>विभिन्न प्रकारका अपाङ्गता वा कार्यगत सीमितता भएका र नभएका बालबालिकाहरू एउटै विद्यालयमा सँगसँगै पढ्ने विद्यालय समावेशी विद्यालय हो । उत्तर - ठिक<br>अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन २०७४ देखि लागु भएको हो । उत्तर ठिक<br>अपाङ्गता भएका व्यक्तिहरूको लागि समावेशी शिक्षा नीति २०७५ हो । (बेठिक) सही उत्तर २०७३ हो ।<br>पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिलाई निलो कार्ड र मासिक रू २००० भत्ताको प्रावधान छ । (बेठिक) (सही उत्तर- रातो कार्ड र रू ३९९०)<br>अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ अनुसार अपाङ्गता भएका व्यक्तिहरूको हक हित संरक्षणसम्बन्धी काम गर्नका लागि प्रत्येक गापा वा नपामा उपप्रमुख वा उपाध्यक्षको अध्यक्षतामा स्थानीय समन्वय समिति गठन हुने प्रावधान रहेको छ । (उत्तर: ठिक)<br>हाल नेपाल ३६० स्रोत कक्षाहरू सञ्चालनमा छन् । (बेठिक) सही उत्तर ३८०)<br>स्रोत कक्षाहरूको व्यवस्थापनका लागि विद्यालय क्षेत्र विकास कार्यक्रमबाट प्रतिकक्षा वार्षिक रु १००,००० उपलब्ध गराइन्छ ? (बेठिक) सही उत्तर - २००,००० ।–)<br>व्यक्तिगत क्रियाकलाप सम्पादन गर्न तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर अरूको सहयोग लिनुपर्ने अपाङ्गता भएका व्यक्तिलाई "ग" वर्गको पहेँलो अपाङ्गता परिचयपत्र र सामाजिक सुरक्षा भत्ताबापत मासिक रु १००० उपलब्ध गराउने प्रावधान रहेको छ । (बेठिक- सही "ख" वर्गको निलो परिचयपत्र र रु १६०० मासिक)<br>अपाङ्गता भएका बालबालिकालाई परीक्षामा १ घण्टा ३० मिनेटसम्म थप गर्न सकिने प्रावधान छ । (ठिक)<br>दृश्य/चित्र छलफल<br>समावेशी शिक्षाको चित्र सामूहिक रूपमा छलफल गर्न सकिने गरी देखाउने वा हेर्न दिनुहोस् ।<br>चित्रमा भएका चित्रहरूको बारेमा छलफल गर्न लगाउनुहोस् ।<br>केही सहभागीहरूलाई उक्त चित्रबारे छलफल भएबमोजिम सुनाउन लगाउनुहोस् ।<br>प्रश्नोत्तर तथा छलफल<br>यस खेल/क्रियाकलाप र चित्रको छलफल सकिएपछि 'समावेशी शिक्षा भनेको के हो' भनी खुला प्रश्न राख्नुहोस् । यस विषयमा खुला छलफल चलाउनुहोस् र आएका बुँदाहरूलाई न्युज प्रिन्ट वा बोर्डमा टिप्दै जानुहोस् । | |

| क्रि. नं. | क्रियाकलाप विस्तृतीकरण | समय |
|---|---|---|
| | सहभागीहरूबाट आएका विचारलाई समेट्दै छलफल टुङ्ग्याउनुहोस् । त्यसपछि न्युज प्रिन्ट वा फ्लेक्समा तयार गरिएको समावेशी शिक्षाको परिचय, विविध व्यवस्थाहरू जस्तै स्रोत कक्षा, विशेष, एकीकृत विद्यालय, नीति, नियम, सेवा सुविधा आदिबारे जानकारी देखाउँदै प्रस्ट पार्नुहोस् ।<br>मुख्य बुँदाहरूलाई सारांशको रूपमा दोहोऱ्याउनुहोस् । जस्तै सबै बालबालिकाले शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकार हो, प्रत्येक बालबालिकाहरू पृथक् हुनुको साथै हरेकको रुचि, क्षमता, सिकाइ र आवश्यकता पनि फरक हुन्छ, बालबालिकाको कार्यगत लेखाजोखा वा परीक्षणपश्चात् संलग्नता हुने गर्दछ र मुलुकको शैक्षिक प्रणालीले शिक्षाको ढाँचा वा प्रारूप निर्माण गरी कार्यान्वयनबाट अपाङ्गता, कार्यगत सीमितता भएका बालबालिकालगायत अन्य विविधतालाई पनि समेट्नुपर्छ । | |
| ४ | अलग्याउने विरुद्ध समावेशी अवधारणा तथा अपाङ्गता भएका बालबालिकाहरूको अवरोध न्यूनीकरण<br>अलग्याउने विरुद्ध समावेशी अवधारणा तथा अपाङ्गता भएका बालबालिकाहरूको अवरोध र न्यूनीकरणका उपायहरू डायग्राममार्फत प्रदर्शन गर्ने छलफल विधिबाट प्रस्ट पारिदिनुहोस् ।<br>अलग्याउने र समावेशी अवस्था झल्काउने दुई ओटा डायग्राम तस्बिरहरू देखाउनुहोस् र छलफल गर्दै सहभागीहरूको विचार प्रस्तुत गर्न लगाउनुहोस् । आएका विचारलाई बोर्ड वा न्युज प्रिन्टमा टिप्नुहोस् । टिपेका बुँदाहरूका बारेमा छलफल गराउनुहोस् ।<br>पहिलो र दोस्रो डायग्रामले देखाउन खोजेको सन्देश सहजकर्ताले प्रस्ट पारिदिनुहोस् । | १० मिनेट |
| ५ | अपाङ्गता भएका बालबालिकाहरूले भोग्नुपरेका अवरोध तथा न्यूनीकरण गर्ने उपायहरूको बारेमा समूह छलफल विधिमार्फत प्रस्तुत गर्नुहोस् ।<br>सहभागीहरूलाई ३ समूहमा बाँड्नुहोस् ।<br>३ समूहमध्ये समूह (क) लाई धारणागत, समूह (ख) लाई संस्थागत नीतिगत समेत र समूह (ग) लाई वातावरणीय अवरोधहरू गरी ३ शीर्षकमा छलफल गर्न लगाउनुहोस् । शिक्षण सिकाइसँग सम्बन्धित अवरोधहरू तथा न्यूनीकरणका उपायहरू पत्ता लगाई न्युज प्रिन्टमा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>सहभागितामूलक विधिको अवलम्बन गरी प्रस्तुतीकरणमा पृष्ठपोषण प्रदान गर्नुहोस् । | २५ मिनेट |
| ६ | प्रतिबिम्बन<br>सत्रमा सिकेका मुख्य विषयवस्तुबारे प्रश्नावलीको माध्यमबाट सहभागीलाई प्रतिबिम्बन गर्न लगाउनुहोस् ।<br>नमुना प्रश्नहरू<br>अपाङ्गता भनेको के हो ?<br>अपाङ्गता कति प्रकारका हुन्छन् ?<br>शिक्षामा अलग्याउनेको कुनै ५ ओटा बुँदा लेख्नुहोस् ।<br>अपाङ्गता भएका बालबालिकाको लागि तपाईँको विद्यालयले हालको राष्ट्रिय ढाँचाको प्रावधानलाई सम्बोधन गर्ने खालको शिक्षाको अभ्यास भइरहेको छ ? ? | १० मिनेट |

## 2.3. सत्र ३: बालबालिकाहरूको सिकाइ शैली

समय : १८) मिनेट

परिचय

प्रत्येक सिकारुको आ-आफ्नै सिकाइ ढाँचा र संरचना हुन्छ । बालकले वातावरणको अवलोकन, बस्तुहरूको म्यानुपुलेटिङ, अनुकूलन, तर्क निर्माण, परिकल्पना परीक्षण र निष्कर्ष निकाली नयाँ धारणाको विकास गर्दछ ।शिक्षकले विद्यार्थीको सिकाइ शैली कुन प्रकृतिको ढाँचाको हो पहिचान गरेर वर्गीकरण गर्ने र त्यसैको आधारमा उसको सिकाइ शैली अनुसार सामग्री ,विधि र पद्धतिको छनोट गरी प्रभावकारी शिक्षण गर्दा मात्रै अपेक्षित उपलब्धि सुनिश्चित गर्न सकिन्छ । कुनै विद्यार्थीका लागि लागि कुनै एक, दुई वा बहुशैली उपयुक्त हुन सक्छ भने शिक्षकका लागि भने सबै शैलीको प्रयोगको ज्ञान र सिप हुनु बान्छिनय हुन्छ । शारीरिक, मानसिक वा विकासात्मक अपाङ्गताका कारणले बालबालिकाहरूको सिकाइ शैलीमा फरकपना आउँदछ । बालबालिकाको न्युरोबायोलोजिकल अथवा गर्भावस्थामा भएका असर वा जन्मपछिको चोटपटकले गर्दा मस्तिष्कमा असर पर्न गएमा सिकाइमा हुने धेरै कठिनाइहरू देखा पर्छन् ।बौद्धिक विकासमा पनि असर पर्नाले बालबालिकाहरूको सिकाइमा प्रभाव पर्छ । तसर्थ यस्ता सिकाइमा हुने कठिनाइहरूको लक्षणहरू पत्ता लगाई सिकाइमा सहयोग पुऱ्याउनुपर्ने हुन्छ ।सिकाइमा हुने कठिनाइ न्युरोलोजिकल अवस्था हो, जसले मस्तिष्कलाई सूचना प्राप्त गर्ने र सम्प्रेषण गर्ने क्षमतालाई सर गर्दछ । सिकाइ अपाङ्गता जस्तै डिस्लेक्सिया, डिस्प्रक्सिया, डिस्कल्कुलिया र डिस्ग्रफिया जस्ता समस्या देखिन सक्छन् र यी समस्या एक वा एकभन्दा बढी पनि हुन् सक्दछन् ।यसका लागि विशेष सहजीकरणको उपाय तथा सिकाइ शैलीहरूबारे जानकार हुन जरुरी हुन्छ । अतः यस सत्रमा यिनै विषयवस्तुको सेरोफेरोमा रही छलफल तथा अन्तर्क्रिया गरिने छ ।

उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरू निम्न कार्यहरू गर्न सक्षम हुने छन् :

बालबालिकाहरूको सिकाइ शैली पहिचान गर्न ।

सिकाइ शैली अनुसारको शैक्षिक विधि तथा सामाग्री प्रयोगको अभ्यास गर्न ।

अपाङ्गताअनुसार सिकाइमा कठिनाइ हुने कारणहरूको बारेमा व्याख्या गर्न ।

सिकाइमा विकारका लक्षणहरूको बारेमा व्याख्या गर्न ।

सिकाइमा हुने कठिनाइहरूलाई सम्बोधन गर्दै बालबालिकाहरूलाई सिकाइमा सहजीकरण गर्ने उपायहरूबारे व्याख्या गर्न ।

सिकाइ शैलीहरूबारे व्याख्या गर्न ।

विषयवस्तु

वालवालिकाहरुको सिकाइ शैली र सिकाइ शैली अनुसारको शैक्षिक विधि तथा सामाग्री ।

सिकाइमा हुने कठिनाइलाई प्रत्येक बालबालिकामा पहिचान गर्न बाल विकासका क्षेत्रहरू ।

अपाङ्गताअनुसार सिकाइमा कठिनाइ हुने कारक तत्त्वहरू ।

सिकाइमा हुने कठिनाइहरूको लक्षण एवम् सहजीकरणको उपायहरू ।

सामग्री

पाठपत्र, फ्लिपचार्ट, मार्कर, बोर्ड, मार्कर, न्युज प्रिन्ट पेपर, स्रोत सामग्री

**सहजीकरण क्रियाकलाप**

| क्रि.नं. | क्रियाकलाप विस्तृतीकरण | समय |
|---|---|---|
| १ | विषय परिचय<br>अन्तरक्रियाको माध्यमबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउनुहोस् । | ५ मिनेट |
| २ | सिकाइ शैलीको पहिचान, सिकाइमा हुने कठिनाइ, लक्षण तथा सिकाइ सहजीकरण उपाय<br>सिकाइ शैलीको पहिचान<br>सहभागीहरूलाई कक्षा कोठाको कल्पना गर्न लगाउनुहोस् र विद्यार्थीहरूको फरक फरक सिकाइ शैली संझन लगाउनुहोस् र नजिकको साथीलाई सुनाउन लगाउनुहोस् ।<br>कक्षा कोठामा भएका विद्यार्थीहरूको फरक फरक सिकाइ शैलीलाई कसरी संशोधन गर्नु भएको छ ? उक्त तरिकाले काम गरेका छ कि छैन ? अन्य विकल्प हुन सक्छन् कि ? जस्ता प्रश्नहरूमा छलफल गर्नुहोस् ।<br>सहभागीहरूलाई सिक्ने शैलीसँग सम्बन्धित (देखेर, सुनेर, पढेर वा लेखेर र स्पर्शबाट अनुभव गर्ने) checklist दिनुहोस् ।प्रत्येक सिकाइ शैलीमा भएका १० ओटा बुँदाहरूमध्ये आफूलाई सही लाग्ने बुँदाहरूमा चिह्न लगाउनुहोस् र अन्त्यमा जुन सिकाइ शैलीमा बढी चिह्न लगाइएको छ, त्यही नै त्यस व्यक्तिको प्राथमिक सिकाइ शैली हुने छ ।<br>सहभागीहरूलाई ४ समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहमा ४ ओटै सिकाइ शैली भएका एक एक सहभागीहरूलाई राख्नुहोस् । प्रत्येक समूहलाई फुटबल शब्दलाई ४ ओटै सिकाइ शैली प्रयोग गरी कसरी सिकाउनुहुन्छ भनी सोध्नुहोस् र प्रत्येक समूहलाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।<br>जस्तै:<br>देखेर: सूचनालाई नक्सा ,चार्ट, चित्र साङ्केतिक भाषा आदिमार्फत<br>सुनेर: सुनेर र बोलेर ,जस्तै प्रवचन, सुन्ने पुस्तक, गीत सङ्गीत, तथा समूह छलफल<br>पढेर /लेखेर:  सूचना प्राप्त गर्नको लागि किताब, निबन्ध तथा अन्य लेखेको सामग्री<br>स्पर्श बाट अनुभव गर्ने: अनुभव र अभ्यास, सिमुलेसन र खेलमार्फत<br>सबै व्यक्तिहरूको सिक्ने शैली फरक फरक हुन्छ र यस विविधतालाई ध्यानमा राखेर शिक्षण सिकाइ गर्नाले सिकाइमा सहजीकरण गर्न सहज हुने कुरा स्पष्ट गराउनुहोस्<br><br>सहभागीहरूलाई ४ समूहमा विभाजन गर्नुहोस् र समूहलाई कक्षा कोठामा कस्ता कस्ता प्रकारका सिकाइ शैली भएका बालबालिकाहरू छन् सूची तयार गर्न लगाउनुहोस् ।<br>सूचीमा भएका सिकाइ शैली भएका वालवालिकहरूलाइ कसरी सहजीकरण गर्न सकिन्छ छलफल गर्दै न्युज प्रिन्टमा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् ।<br>प्रशिक्षकले सिकाइ शैली अनुसारको सहजीकरणको नमुना प्रस्तुत गर्नुहोस् | ९० मिनेट |
| ३ | सहभागीहरूलाई १० समूहमा विभाजन हुन लगाउनुहोस्<br>हरेक समूहलाई एक एक ओटा अपाङ्गताको प्रकारअनुसार सिकाइमा कठिनाइ हुने कारक तत्त्वहरू र सिकाइमा हुने समस्याका लक्षण एवम् सहजीकरणको उपायहरूको हाते पत्र वा घटना वितरण गर्नुहोस् । | ६५ मिनेट |

| क्रि.नं. | क्रियाकलाप विस्तृतीकरण | समय |
|---|---|---|
| | हाते पत्र वा घटनाको आधारमा हरेक समूहलाई सिकाइ कठिनाइ, लक्षण तथा सिकाइ सहजीकरणको उपायहरूबारे अध्ययन तथा छलफल गर्न लगाउनुहोस् ।<br>छलफलपश्चात् उक्त सिकाइ कठिनाइ भनेको के हो, अपाङ्गताको प्रकारअनुसार सिकाइमा हुने कठिनाइ, कारक तत्त्वहरू, लक्षणहरू के कस्ता हुँदा रहेछन् तथा सिकाइ सहजीकरणको उपायहरू के कस्ता हुँदा रहेछन् ? यसबारे एउटा एउटा प्रस्तुति बनाई प्रस्तुत गर्न लगाउनुहोस् ।<br>हरेक प्रस्तुति लगत्तै आवश्यक परेमा सहजकर्ताले थप स्पष्ट पार्दै जानुहोस् | |
| ४ | प्रतिबिम्बन<br>सेसनको समग्र सिकाइको बारेमा छोटो समीक्षात्मक छलफल गर्नुहोस् वा सहभागीहरूलाई ठिक बेठिक खेल खेलाउँदै सत्रको समीक्षा गर्नुहोस् ।<br>ठिक बेठिक खेलका लागि नमुना प्रश्नहरू<br>प्रत्येक व्यक्तिको सिकाइ शैली फरक फरक हुन्छ । ठिक<br>पढ्न लेख्न गाह्रो हुने, अक्षर उच्चारण गर्न र चिन्न गाह्रो हुने सिकाइ समस्या 'डिस्ग्राफिया" हो ।<br>बेठिक (डिस्लेक्सीया)<br>सामान्य वस्तुहरूको सङ्ख्या गणना गर्न, अङ्क र पैसा नचिन्ने र सामान्य हरहिसाब गर्न गाह्रो हुने समस्या "डिस्ग्राफिया" हो ।<br>बेठिक (सही उत्तर: डिस्क्यालकुलिया)<br>सिधा लेख्न, लाइन मिलाउन र लेख्दा अक्षर र शब्दको आकार ठुलो सानो हुने समस्या डिस्ग्राफिया हो ।<br>सिकाइका मुख्य ७ वटा शैलीहरू छन् ।<br>ठिक<br>सजिलो पेन्सिल वा कलम दिएर लाइन भएका कापी वा ग्राफ पेपरमा लेख्न सिकाउँदा डिस्लेक्सिया भएका बालबालिकालाई सजिलो हुन्छ ।<br>बेठिक (सही उत्तर: डिस्ग्राफिया)<br>शब्द, चित्रको आंशिक भाग हेरेर के हो भनेर छुट्टाउन गाह्रो हुने समस्या डिस्प्याक्सिया हो ।<br>बेठिक (सही उत्तर: दृष्टि प्रक्रियामा विचलन)<br>एकै ठाउँमा बसिरहन नसक्ने, तुरुन्तै क्रियाकलाप परिवर्तन गर्ने, ध्यान नदिने जस्ता समस्या सुनाइ प्रक्रियामा विचलन हो ।<br>बेठिक (सही: Attention Deficit Hyperactivity Disorder)<br>उस्तै शब्द, भाषा सुनेर, बुझ्ने र सम्झने प्रक्रियामा कठिनाइ हुनु डिस्लेक्सिया हो ।<br>बेठिक (सही उत्तर : सुनाइ प्रक्रियामा विचलन)<br>पढ्दा टाउको फर्काउने, एउटा आँखा बन्द गर्ने र किताब कापी अप्ठ्यारोसँग समाउने सुनाइ प्रक्रियामा विचलन हो ।<br>बेठिक (सही उत्तर : दृष्टि पक्रियामा विचलन)<br>छोएर वा चलाएर सिक्नु पनि एउटा सिकाइ शैली हो ?<br>ठिक | २० मीन |

## 2.4 सत्र ४: सिकाइको सर्वानुकुलित ढाँचा: Universal Design for Learning- UDL

समय :९० मिनेट

परिचय

पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि हासिल गर्नको लागि बालबालिकाहरूले उनीहरूको आवश्यकताअनुसार सिकाइको वातावरण प्राप्त गर्नु सबै बालबालिकाहरूको अधिकारको विषय हो । बालबालिकामा हुने फरक सिकाइ आवश्यकतालाई मनन गरी सोही अनुरूप सिकाइको वातावरण निर्माण (विद्यालय तथा घरमा) गर्नका लागि शिक्षक र अभिभावक दुवै सक्षम हुनु निकै आवश्यक रहन्छ । सिकाइको सर्वानुकुलित ढाँचा Universal Design for learning (UDL) त्यस्तो अवधारणा हो, जसले सिकाइमा रहेका विभिन्न अवरोध न्यूनीकरण गर्दै सिकाइका अवसरहरू सिर्जना गर्दछ र सोको लागि पर्याप्त विकल्प प्रदान गर्ने मुख्यतः ३ ओटा सिद्धान्तको प्रयोगलाई जोड दिएको छ (Center for applied special Technology CAST I UDL ले प्रत्येक व्यक्तिले सिक्न सक्दछन् तर सिकाइको तरिका अवस्था, शैली र परिवेश फरक फरक हुन्छ भन्ने कुरालाई आत्मसात् गरेको छ । यसले समावेशी शिक्षण अवधारणालाई आत्मसात् गर्दै आवश्यकता उमेर, रुचि र सामाजिक, आर्थिक, भौगोलिक र शारीरिक अवस्थासमेतलाई मध्यनजर गरी उपयुक्त निर्देशनात्मक रणनीति अवलम्बन गरी संरचनागत असमानता, अवरोध र विभेदलाई न्यूनीकरण गर्नु यसको प्रमुख विशेषता हो । यसको अन्तरसम्बन्ध विकास र मानवीय सम्बन्धसँग रहेको छ भने दिगो विकासका विभिन्न लक्ष्य र सूचकलाई प्राप्त गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ ।UDL शिक्षण सिकाइको एक दर्शन हो, जसले सबै विद्यार्थीले सिक्न सक्छन् तर विविधतालाई सम्बोधन गर्नु, पहुँच अभिवृद्धि गर्नु मात्र नभई बालबालिकाहरूको सक्रिय सहभागिता र सफलताको अवस्थालाई महत्त्वपूर्ण मान्दछ ।

**उद्देश्य**

क) यस सत्रको अन्तमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :
ख) UDL भनेको के हो र यसका सिद्धान्तहरू बताउन
ग) UDL का प्रमुख ३ सिद्धान्तको अवधारणा बताउन
घ) सिकाइको सर्वानुकुलित ढाँचाको तीन सिद्धान्तहरूको अभ्यास गर्न
ङ) आधारभूत शिक्षणमा शैक्षिक प्रविधिको जानकारी र त्यसको उपलब्धता बताउन
च) कक्षा १ देखि ३ सम्मका बालबालिकाहरूको सिकाइ उपलब्धिको लागि सही सामग्रीको

**विषयवस्तु**

क) सिकाइको सर्वानुकुलित ढाँचाको अवधारणाको सम बुझाइ
ख) UDL प्रमुख सिद्धान्तको परिचय तथा अभ्यास
ग) आधारभूत शैक्षिक प्रविधिको जानकारी र त्यसको उपलब्धता (स्थानीय स्तरमा बनाउन सकिने र बिना प्रविधि प्रयोग गर्न सकिने सामग्रीहरू)
घ) शैक्षिक प्रविधि र EdTech टुल किटको जानकारी र प्रयोग गर्ने तरिकाहरू

**सामग्री**

क) मार्कर, बोर्ड, मार्कर, न्युज प्रिन्ट पेपर, चार्ट पेपर, भिडियो

**सहजीकरण क्रियाकलाप**

| क्रि. नं. | क्रियाकलाप विस्तृतीकरण | समय |
|---|---|---|
| १ | अन्तरक्रियाको माध्यमबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउनुहोस् । | ५ मिनेट |
| २ | सिकाइको सर्वानुकुलित ढाँचाको UDL को अवधारणा र महत्त्व<br>सिकाइको सर्वानुकुलित ढाँचाको चित्र देखाउँदै अवधारणा स्पष्ट पार्नुहोस् ।<br>प्रशिक्षकले आफूले तयार गरेको सामग्रीको मध्यमबाट सिकाइको सर्वानुकुलित ढाँचा र यसका ३ प्रमुख सिद्धान्त (सहभागिता, प्रस्तुतीकरण र अभिव्यक्ति) को व्याख्या गर्नुहोस् ।<br>सिकाइको सर्वानुकुलित ढाँचाको का प्रमुख ३ सिद्धान्तहरूको बारेमा उदाहरणसहित छलफल गर्नुहोस् :<br>सिकाइ क्रियाकलापमा सहभागिताका बहु विधि<br>विषयवस्तु वा सूचना प्रस्तुतीकरणका बहु विधि<br>सिकाइ क्रियाकलाप कार्य र अभिव्यक्तिका बहु विधि | ९०मिनेट |
| ३ | भिडियो प्रस्तुति<br>UDL को प्रयोग गरी शिक्षण सिकाइ गरिरहेको २ ओटा भिडियो प्रस्तुत गर्नुहोस् र Round Robin प्रयोग गरी त्यस भिडियोमा कुन कुन UDL रणनीतिहरू प्रयोग भएको थियो भनी सोध्नुहोस् । | १० मिनेट |
| ४ | सही/गलत वाक्यहरू | १० मिनेट |
| ५ | प्रतिबिम्बन<br>निम्न प्रश्नहरूको माध्यमबाट सत्रको समीक्षा र मूल्याङ्कन गर्नुहोस् ।<br>सिकाइको सर्वानुकुलित ढाँचा भनेको के हो ?<br>यसका कति ओटा सिद्धान्तहरू छन् र ती के के हुन् ?<br>यसको प्रयोगले कस्ता विद्यार्थीहरूलाई सिकाइमा सहयोग पुग्दछ ? | ५ मिनेट |

**४. UDL का तीन प्रमुख सिद्धान्त**

**१. Multiple Means of Representation (प्रतिनिधित्वका बहुविध माध्यम)**

विद्यार्थीसम्म सिकाइ सामग्री पुऱ्याउने विविध तरिका:

- दृश्य (चित्र, भिडियो)
- श्रव्य (Audio, DAISY)
- सरल भाषा
- ट्याक टाइल सामग्री (उठेको चित्र, Braille)

**२. Multiple Means of Engagement (सक्रिय संलग्नता)**

विद्यार्थीलाई सिकाइमा आकर्षित गर्ने तरिका:

- छनोट दिने
- समूह कार्य
- सांस्कृतिक रूपमा उपयुक्त उदाहरण प्रयोग गर्ने
- रोचक क्रियाकलाप

**३. Multiple Means of Expression (अभिव्यक्तिका बहुविध माध्यम)**

विद्यार्थीले सिकेको कुरा प्रदर्शन गर्ने विकल्प:

- प्रस्तुति
- चित्र बनाउने
- मौखिक उत्तर
- प्रोजेक्ट वर्क
- हाव भाव / नाट्य अभ्यास

## 2.5. सत्र ५: सहायक प्रविधि तथा पहुँचयुक्त सूचना प्रविधि

**उपकरणहरू:**

- मोबाइल (VoiceOver/TalkBack)
- Seeing AI
- Be My Eyes
- DAISY books

**सहजीकरण टिप्स:**

- सहभागीलाई स्वयं उपकरण चलाउन दिनु
- जोडीमा "Try & Teach" अभ्यास गराउनु

## 2.6. सत्र ६: सिकाइमैत्री वातावरण र कक्षाकोठा व्यवस्थापन

समय : ९० मिनेट

परिचय

बालबालिकाको धेरैजसो समय विद्यालयमा बित्ने भएकाले उनीहरूले निर्धक्क भएर आफ्ना अधिकारको प्रयोग तथा आफ्नो सर्वाङ्गीण विकासका लागि क्रियाकलापहरू गर्न पाउनुपर्दछ । यसैले विद्यालयहरूले सिकाइमैत्री वातावरण सृजना गरी बालबालिकालाई डर, त्रास र यातना विना रमाउँदै सिक्ने अवसर प्रदान गर्नु अपरिहार्य हुन्छ । रमाइलो वातावरणमा खुसी हुँदै आफूमा अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गर्न पाउने अवसर सिर्जना गर्नु सिकाइमैत्री वातावरण भएको विद्यालयको विशेषता हो । प्रभावकारी रूपमा बालबालिकालाई आधारभूत सिप सिक्न उत्प्रेरित गर्ने र त्यस अनुकूलका सामग्रीको व्यवस्था गर्न सके मात्र बालबालिकाले उमेर अनुसारका सिपहरू सिक्न सक्दछन् ।प्रभावकारिता, समावेशीकरण तथा बालबालिका परिवार र समुदायको सहभागितामूलक सिकाइ योजना सिकाइमैत्री वातावरणको लागि अनिवार्य सर्तहरू हुन् । कक्षाकोठाको वातावरण निर्माण गर्न केवल कक्षाकोठाको भौतिक तयारीले मात्र हुँदैन । यसको लागि कक्षा कोठामा सामाजिक वातावरणसमेत उपयुक्त र सान्दर्भिक हुनुपर्दछ । कक्षाकोठाको सामाजिक वातावरण अन्तर्गत सहयोगात्मक वातावरण, स्वस्थ प्रतिस्पर्धा पृष्ठपोषण (Feedback) लगायत सिकारुहरूबिच हुने जातीय, सामाजिक, आर्थिक , धार्मिक, सांस्कृतिक एवम् व्यक्तिगत भिन्नतालाई ख्याल गरी सकारात्मक धारणा विकास गर्ने पक्षहरूसमेत समेटिनुपर्दछ ।विभिन्न पारिवारिक परिवेशबाट आएका विद्यार्थीलाई अनुशासित र सक्रिय बनाउन सर्वप्रथम उनीहरूको प्रतिक्रियाहरूको (Responses) अध्ययन गर्नुपर्दछ । प्रतिक्रियाहरू शिक्षण कार्यको लागि सहयोगी हुन सक्यो भने मात्र उनीहरूलाई प्रतिक्रिया देखाउन उत्साही गराउनुपर्दछ । सक्षम, क्षमतावान्, व्यक्तित्वशाली र तालिमप्राप्त शिक्षकबाट मात्र विद्यार्थीको प्रतिक्रियाको कलात्मक ढङ्गले व्यवस्थापन हुन सक्दछ ।

बालबालिकाहरूका लागि पढ्ने कक्षाकोठा रमाइलो, कक्षाकोठा सफा सुग्घर, उज्यालो र हावा खेल्ने हुनुपर्दछ । कक्षाकोठामा उनीहरूको उमेर सुहाउँदो आरामदायी फर्निचर सुविधा हुनुपर्छ । कक्षाकोठामा सान्दर्भिक सिकाइ सामग्रीहरू विद्यार्थीको पहुँचमा हुनुपर्दछ ।शिक्षकले कक्षाकोठामा उपयुक्त सिकाइ वातावरण सिर्जना गर्नुपर्दछ

। शिक्षण सिकाइ क्रियाकलाप, विधि र तौरतरिकामा विविधता ल्याउनुपर्छ । शिक्षकले बालबालिकाको स्वस्थ मनोसामाजिक व्यवहार विकासमा सहयोग पुऱ्याउनुपर्छ । तसर्थ कक्षाकोठाभित्रको शैक्षिक, भौतिक, मानवीय स्रोतको व्यवस्थापन, सामग्री व्यवस्थापन, संवेगात्मक व्यवस्थापन, बसाइ व्यवस्थापन, विविधता व्यवस्थापन गर्ने कार्य नै कक्षाकोठा व्यवस्थापन हो । कक्षाकोठामा विभिन्न अपाङ्गता भएका बालबालिकाहरू हुन सक्छन् । सबै खाले बालबालिकाको शिक्षण सिकाइ क्रियाकलापमा समतामूलक पहुँच र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सकेमा मात्र उनीहरूले सिक्न सक्छन् । यस सेसनमा कक्षाकोठा व्यवस्थापनको अर्थ, शिक्षकले कक्षाकोठा व्यवस्थापनमा ध्यान दिनुपर्ने कुराहरू, उपयुक्त सिकाइ वातावरण सिर्जना गर्ने तरिका, उपचारात्मक सिकाइ सहायताका बारेमा छलफल गरिने छ ।

**उद्देश्य**

(क) सिकाइमैत्री कक्षाकोठा व्यवस्थापन गर्नुको औचित्य बताउन
(ख) सिकाइमैत्री कक्षाकोठा व्यवस्थापनका विविध पक्षहरूको सूची बनाउन
(ग) अपाङ्गता भएका बालबालिकाको आवश्यकतालाई समेटी कक्षाकोठा व्यवस्थापन तरिकाहरू पहिल्याउन
(घ) उपचारात्मक सिकाइ सहायता उपलब्ध गराउने तौरतरिकाहरूमा अभ्यास गर्न

**सामग्री**

बाल गीतको चार्ट, कक्षाकोठाको चित्र, कक्षाकोठा व्यवस्थापनका पक्षहरू लेखिएको चार्ट

**सहजीकरण क्रियाकलाप**

**2.7 सत्र ७: समावेशी विद्यालय मापदण्ड**

**अभ्यास:**

- विद्यालय मूल्याङ्कन फर्म
- ५ सूचकमा विद्यालय Mapping

**सामग्री सूची (Training Materials Checklist)**

**कागजी सामग्री**

- फ्लिपचार्ट
- मेटा कार्ड
- मार्कर
- पिक्टोग्राम सेट
- चेक लिस्ट

**डिजिटल सामग्री**

- PPT
- DAISY/EPUB files
- AT apps pre-installed devices

**प्राविधिक उपकरण**

- प्रोजेक्टर
- स्पिकर
- स्मार्टफोन/ट्याब्लेट

## 2.8 सत्र ८: विद्यालय स्तरीय कार्य योजना नमुना

| **कार्यक्षेत्र** | **गतिविधि** | **जिम्मेवार** | **समय** | **सूचक** |
|---|---|---|---|---|
| कक्षा पहुँच | र्‍याम्प सुधार | विद्यालय | ३ महिना | कक्षा प्रवेश सुगम |
| UDL प्रयोग | UDL Lesson Plan | शिक्षक | निरन्तर | बहुविध सिकाइ विकल्प |
| WASH | Separate Accessible Toilet | स्थानीय तह | ६ महिना | पहुँचयुक्त शौचालय |
| AT Training | शिक्षक प्रशिक्षण | NFDN | १ महिना | शिक्षक दक्षता |

### सहभागीका लागि अभ्यास पृष्ठहरू

**Exercise 1:**
मेरो कक्षामा सिकाइ–विविधता के–के छन्?

**Exercise 2:**
एकै पाठ तीन तरिकाले कसरी सिकाउन सक्छु?

**Exercise 3:**
म विद्यालयमा कुन पहुँच–बाधा भेट्छु?

**Exercise 4:**
Assistive Technology मध्ये कुन–कुन म भोलिदेखि प्रयोग गर्न सक्छु?

## 3. उपयोगी सन्दर्भ सामग्रीहरू

- CEHRD Guidelines on Inclusive Education
- NFDN Resource Library
- WaterAid WASH GAINS Manual
- DAISY & Accessible EPUB Resources
- नेपाल सरकारको राष्ट्रिय शिक्षा नीति २०७६
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि